# मधेशी आयोग

ज्वागल, ललितपुर

फोन नं: ०१-५२६११८५
टोल फ्रि नं: १६६००११६१८५

मिति:२०७९/१२/१४

## प्रेस विज्ञप्ति

### मिटरब्याजी पिडितहरुको समस्या समाधानको लागि अपिल

तराई-मधेशका अति विपन्न,विपन्न र मध्यम वर्गीय जनताहरु दशकौंदेखि वहुआयामिक गरिवीमा पिल्सिएका छन् । ठाकुरे मनस्थिति र मनोविज्ञानले झन् पिडा थपिएका छन् । आम जनताको पहुँचमा वैंकिङ्ग र वित्तीय संस्थाहरु "आकाशको फल" जस्तै भएको छ । कुपोषण र गरिवीवाट वाँच्नु नियती नै भई सकेको यर्थाथता रहेको छ । साहुहरुको चक्रवृद्धि/ मीटर व्याजले मानसिक रुपमै विक्षिप्त वनाएको छ । जीवनयापनको कुनैपनि आधार नदेखिएपछि आत्महत्या गर्न पिडितहरु वाध्य भएका छन् । राज्य खवरभित्रको खवरवाट पक्कै बेखबर छ वा छैन ठम्याउन सकिएको छैन ।

मीटरव्याजी पिडितहरुको समस्या समाधानार्थ राज्यले ६ महिना अगाडि सम्झौता गरेको थियो तर तिनीहरूको समस्या समाधान नभएपछि फेरि मधेश प्रदेशका आठवटै जिल्लाहरुबाट काखमा सन्तान वोकी १२ औं दिनको पैदल यात्रा गरेर संघीय राजधानी काठमाडौं आई पुगेका छन् । तिनीहरू कष्टकर जीवन जिउन बाध्य भएका छन् । तत्कालै समस्या समाधानार्थ आयोगले राज्यलाई पत्राचार गरि सकेको छ । तर, समाधानका लागि सार्थक प्रयत्न नभएको देखिन्छ । राज्यले तत्कालै समस्या समाधानका लागि "बहुवैकल्पिक पहल" गरि पिडितहरुको अधिकारलाई राज्यले संरक्षण गरोस् र तिनीहरूको बोल्न पाउने [right to speak & express] लोकतान्त्रिक अधिकारलाई समेत सम्मान गरोस् भनी आयोग अपील गर्दछ ।

पिडितहरुसँग छलफल तथा समाधानको लागि आयोगका मा.सदस्य जीवछ साह,मा.सदस्य रेणु देवी साह र मा.सदस्य आभाकुमारी सहितका टोलीलाई आयोगले स्थलगत अनुगमनका लागि जिम्मेवारी दिएको छ र सो को स्थलगत अनुगमन गरी उचित समाधानको कार्य भैइरहेको कुरा सम्बन्धित पक्षलाई जानकारी गराईन्छ ।

रुद्र प्रसाद लामिछाने
सचिव